# माटोको माया’ नाटकमा राष्ट्रवादी भाव सञ्चेतना

✱कलावती रूपाखेती
**kalasharma013@gmail.com**

*अध्ययनसार*

‘माटोको माया’ राष्ट्रप्रेमका भावना उत्प्रेरक तत्त्व अभिमुख भएको नाटक हो । यस प्रलेखमा राष्ट्रवादी भावनाको निरूपण गर्ने सिलसिलामा नाटककार भीमनिधि तिवारीको सामान्य परिचय दिएको छ । अलग-अलग शीर्षक, उपशीर्षक राखी विषयपरिचयमा विषयवस्तु खुलाउन ‘माटोको माया’ नाटकको कथावस्तु/वस्तुलाई सामान्य चिनारीका रूपमा प्रस्तुत गरिएको छ । ऐतिहासिक नाटकको सामान्य परिचय दिई त्यसका उपकरणको सामान्य चर्चा गर्दै यस नाटकमा राष्ट्रभक्तिको महिमा तथा देशप्रेमको लागि उत्सर्ग गर्ने पात्रको सटीक चर्चा गरिएको छ । प्राज्ञिक समस्याका रूपमा ‘माटोको माया’ नाटकमा कस्तो प्रकारको ऐतिहासिकताको प्रयोग गरिएको छ भन्ने समस्या राखी ‘माटोको माया’ नाटकमा प्रयुक्त ऐतिहासिकता र देशप्रेमको जल्दाबल्दा समस्याका विशिष्ट पक्षको निरूपण गर्ने उद्देश्य किटान गरी विश्लेषण गरिएको छ । यस आलेखमा सैद्धान्तिक पर्याधारका रूपमा पूर्वीय/पाश्चात्य साहित्यका ऐतिहासिक पद्धतिको प्रयोग गरिएको छ । यसअघि भए गरिएको पूर्वकार्यको सामान्य चर्चा गरी विश्लेषणीय पक्षलाई अँगाल्दै उक्त नाटकमा प्रयुक्त नाटकीय प्रयोग गरी ऐतिहासिक वियोगान्त नाटक हो भन्ने निष्कर्ष निकालिएको छ ।

**प्रमुख शब्दावली** ः खरीता, गल्जयौटो, घटैया, पुण्य र विघटैया ।

## विषयपरिचय

नेपाली साहित्यमा भीमनिधि तिवारी (वि.सं.१९६८-२०३०) सुपरिचित नाटककार हुन् । नाटककार भीमनिधि तिवारीले पौराणिक, ऐतिहासिक, सामाजिक तीनै क्षेत्रमा आफ्नो प्रखर विचार प्रस्फुटन गर्दै तीनै फाँटका नाटकहरूमा राष्ट्रियता, राष्ट्रप्रेम, वीरता अनि दार्शनिकता आदिले भरिदिनु, भएको तथ्य उहाँका नाटकहरूले छर्लङ्ग्याएको छ । (प्रचण्ड मल्ल, मैले देखेका नाटककार भीमनिधि, प्र.२५१) “भीमनिधि” तिवारीले शिलान्यास र माटोको माया जस्ता ऐतिहासिक नाटकहरूमा श्री ५ को सरकारबाट नगद पुरस्कार पाएका छन् । यिनको नाट्यसाधना आरम्भमा सामाजिकताबाट थालिएको हो र पछि ऐतिहासिक नाट्यलेखनतर्फ तिवारीले आफूलाई केन्द्रित गराएका हुन ।”

(गोपीकृष्ण शर्मा, भीमनिधि तिवारीको नाट्यकारिता, पृ.२५२/५३) “भीमनिधि तिवारी आधुनिक नेपाली साहित्यका चर्चित र लोकप्रिय नाटककारमध्ये एक हुन् । यिनले लगभग साढे तीन दशक जति लामो नाट्ययात्रा पूरा गरेर दश क्षेत्रमा आफ्नो प्रतिभाको परिचय दिएका छन् । सामाजिक, ऐतिहासिक तथा पौराणिक विषयवस्तुमा आधारित थुप्रै पूर्णाङ्की र एक्काङ्की नाट्यलेखनमा आफ्ना जीवन समर्पित...।”(फणीन्द्रराज निरौला, तिवारीका नाटकको भाषिकपक्ष ः एक चर्चा पृ.२७१ । ) “आज सोच्दा लाग्छ, नेपाली नाटक साहित्यका इतिहासमा तिवारीज्यूको सही मूल्याङ्कन भएकै छैन । उहाँको नाटककारको मूल्याङ्कन गर्दा समालोचकहरूले अन्याय नै गरेका छन् । सम, रिमाल, गोठाले आदि महान् नाटककारहरूका वैशिष्ट्यद्वारा प्रभावित समालोचकहरूले उहाँका नाटकमा नभएका कुराहरू खोजे, भएका कुराहरू खोजेनन् ।” (सरूभक्त, म उहाँका नाटकहरूलाई उपन्यास पढेझै गरी पढ्थे, पृ.४३) । “नेपाली समाजका विभिन्न वर्गका चरित्र मनस्थिति र समाजको स्वरूप देखाइएको सामाजिक नाटकहरूमा होस् वा पौराणिक, ऐतिहासिक नाटकहरूमा होस् उहाँको नाट्यचेत बौद्धिकताले भरिएको देखिन्छ ।” (मोहन दुवाल, भीमनिधि तिवारी ः आफ्नै नाट्य-चेत र भूमिकाहरूमा, प्र.५४)

“प्रसिद्ध कवि तथा नाटककार श्री भीमनिधि तिवारीको एउटा मधु नाटक हो माटोको माया गोरखा दरबारको इतिहाससँग सम्बन्धित यो नाटक यस्तै स्वभाव लिएको उनका चौतारा लक्ष्मीनारायण र शिलान्यास नाटक जस्तै रोचक र पठनीय छ । यी तीन नाटकमध्ये सर्वाधिक प्रसिद्धि र चर्चा शिलान्यास नाटकको देखिन्छ । तापनि मार्मिक कथावस्तु र दुखान्त विवरणका कारणले माटोको

✱ **लेखक त्रि.वि.अन्तर्गत त्रिचन्द्र क्याम्पसमा उपप्राध्यापकका रूपमा कार्यरत हुनुहन्छ।**

मायाको हृदयग्राहिता अग्रगण्य स्थानमा सुरक्षित छ भन्नुमा अत्युक्ति हुँदैन। यद्यपि यो कृति धेरैजसो पाठकहरूको निम्ति एक प्रकारले अपरिचित जस्तै रहँदै आएको छ।" (मुकुन्दशरण उपाध्याय, माटोको माया पढेपछि , पृ.८८) "सामाजिक नाटकका तुलनामा ऐतिहासिक नाटक लेख्नु निकै कठिन विषय हुन्छ। ऐतिहासिक नाटकमा तत्कालीन ऐतिहासिक घटना, परिवेश तद्नुरूप हुनुपर्छ। ऐतिहासिक नाटक लेखनका बारेमा नाटककार तिवारीको आफ्नै किसिमको मत छ। उनको विचारमा दुई किसिमका ऐतिहासिक नाटक लेख्न सकिन्छ। जस्तै : (१) इतिहासले महत्त्व दिएको प्रमुख व्यक्ति वा घटनालाई लिएर र (२) इतिहासले खास महत्त्व नदिएको व्यक्ति वा घटनालाई लिएर नाटक लेख्नु भनेको निकै कठिन कार्य हो। यस किसिमको नाटक लेखनबाट ऐतिहासिक नाटककारको चिनारी हुन्छ भन्ने उनको विचार छ। तिवारीको चौतारा लक्ष्मीनारायणयस्तै इतिहासले कम महत्त्व दिएको व्यक्तिलाई लिएर लेखिएको नाटक हो। उनका शिलान्यास, माटोको माया नाटक इतिहासका महत्त्वपूर्ण घटनामा आधारित नाटक हुन् तापनि जनमानसमा तिनका विषयले त्यति व्यापकरूपमा प्रभाव प्रदान गर्न नसकेको हुँदा नाटककार तिवारी यी नाटकका माध्यमले जनमानसमा यी ऐतिहासिक घटनाको व्यापकबोध गराउन अग्रसर भएका देखिन्छन्। सिद्धार्थ गौतम तिवारीको इतिहासले महत्त्व दिएको व्यक्तित्वमा आधारित नाटक हो।

नाटककार तिवारी ऐतिहासिक नाटक लेख्न बस्नुअघि त्यस विषयको गहन र विस्तृत अध्ययन गर्दछन्। शिलालेख, वंशावली आदि ऐतिहासिक सामग्रीको अध्ययनपछि प्राप्त निष्कर्षलाई उनी नाट्य-रचनामा स्थान दिन चाहन्छन्। तत्कालीन समाजको रहन-सहन वेषभूषा, सामाजिक, सांस्कृतिक आदि पक्षलाई उनका नाटकमा सचेतताका साथ भित्र्याइएको पाइन्छ। यसैले त उनका ऐतिहासिक नाटकले इतिहास शिरोमणि बाबुराम आचार्यबाट पनि प्रशंसित हुने अवसर पाएको छन्। इतिहासको विषयवस्तुलाई नाटककारले कतिपय ठाउँमा काल्पनिक रङ पनि पोतेका छन्। परिवेश, संरचना, अभिनय कला र संवाद योजनाका दृष्टिले नाटककार सचेत र कुशल कलाकारका रूपमा परिचित रहेका छन्। तिवारीका नाटकमा सामाजिक, ऐतिहासिक र पौराणिक विषयवस्तु भेटिन्छ। तिवारी गद्य भाषामा नाटक लेख्ने आधुनिक नाटककार हुन्।

**विश्लेषणको आधार**

प्रस्तुत लेखमा नेपाली नाटकका आधुनिक आदर्शवादी नाटककार भीमनिधि तिवारीको ऐतिहासिक चिन्तनलाई उपयोग गरी विषयवस्तुलाई आधारमानी भीमनिधि तिवारीको माटोको माया नाटकलाई छनौट गरिएको छ। विविध विषयलाई समेटी पात्र वा विषयको दुःखान्त पक्षको टुङ्गोमा पुगेको ऐतिहासिक नाटक हो भन्ने निष्कर्ष निकालिएको छ।

**'माटोका माया' नाटकको विधातात्त्विक विश्लेषण**

**(क) कथावस्तु /विषयवस्तु।**

'माटोका माया' २०२७ सालमा प्रकाशित ऐतिहासिक घटनामा आधारित दुखान्त नाटक हो। यस नाटकको आरम्भ लमजुङ्गले गोरखाको अधीनस्थ भू-भाग लिगलिग कोटमा कब्जा जमाएपछि विक्षिप्त बनेका गोरखाका राजा पृथ्वीपति शाहले राज्य श्री नामक वीरभद्रलाई सुम्पिएर पवित्र तीर्थभूमि पशुपतिमा आउने र 'ॐ नमः शिवाय' जप्ने मनसायले भाइभारदार सबैलाई भेला गराएको प्रसङ्गबाट आरम्भ भएर रणशार्दूलको आत्महत्या र गोरखा दरबारमा अशान्ति मच्चिएर श्री नायक वीरभद्र शाह विक्षिप्त भई परमधाम गएको सम्मको घटनावली प्रस्तुत गरिएको छ।

यो अङ्कविहीन दृश्यात्मक नाटकमा हो यस नाटकमा १९ दृश्य छन्। घटनाको उत्तरोत्तर आरोहण गरिएको दश नाटकका सम्बद्ध पक्षको निरूपण गरिएको छ। यस नाटकको घटनाको आरम्भ सम्भवतः वि.सं. १७५० वैशाखबाट आरम्भ भएर १७५३ जेठमा घटनाको अन्त भएको देखिन्छ। यस नाटकको परिवेश गोरखा र लिगलिगमा सम्पन्न भएको छ। वैशाख महिनाको अपराह्नको समयमा डम्बकोठामा पृथ्वीपति शाह र वीरभद्र शाह बसेका छन्। पृथ्वीपति शाह आफ्नो छत्र भङ्ग हुने भो भनेर हतासिएको मानसिकतामा छन्। उनलाई लमजुङ्गे चिन्ताको मुख्य विषय भएको र उनले युद्ध गरे, देवीको उपसना गरे पुरश्चरण गरे अब गोरखकालीले उनैलाई आशीर्वाद दिएजस्तो छ भनी

आफ्नो बिलौना प्रकट गर्दछन् । नौ वर्षसम्म दरौंदीका सीमामा बसेका लमजुङ्गेलाई गोरखाको जनलहर उर्लिएर सीमा कटाएका थिए । अहिले चार वर्ष नै भयो । यसमा चिन्ता लिनुपर्दैन भनी वीरभद्रले भन्दा पृथ्वीपति शाह पहिले र अहिलेको परिस्थिति लेक र बेसींझै भएको छ । अहिले दलमुखी भएर राजाको छोरा (नायक) बसेको छ । उनीहरूले दरौंदी आफ्नो कब्जामा लिएकाले चारपाँच घडीमा उकालो चढे भने यही आँगनमा आइपुग्ने छन् । लमजुङ पुस्तौनी शत्रु भएकाले पृथ्वीपतिले आफ्नो छत्र भङ्ग भएर हरूवा भएर भाग्नु भन्दा स्वेच्छाले पशुपतिमा जाने र ॐ नमः शिवायः जप्ने इरादा राख्छन् । वीरभद्रलाई बाबुले छाडे लमजुङ्गेहरूले मलाई त ह्याकुलाले मिच्छन् भन्ने सुर्ता वीरभद्रलाई हुन्छ । भारदारहरू कसैले पनि राजाको इच्छा स्वीकार गर्दैनन् । त्यतिकैमा रणशार्दूलको प्रवेश हुन्छ । उनले सबैको आधार गर्दै एउटा प्रस्ताव राख्छन् । त्यसअनुसार राजाले श्री नायक वीरभद्रबाहेक सबैलाई देश निकालाको प्रपञ्च गर्नु पर्‍यो । अब लमजुङ्गेहरूलाई बलले होइन, बुद्धिले जित्नुपर्छ भनी भाइ भारदार यताउता गरी जाने र म चाहिँ गौरेश्वर पन्त र बलिपाध्या कडरियालाई साथमा लिएर लिगलिग जान्छु भन्ने प्रस्ताव राख्दछन् । त्यस्तो प्रस्ताव राख्दा पृथ्वीपति डराउँछन् । त्यसैअनुसार भारदार लाखापाखा लाग्छन् । दोस्रो दृश्यमा ढेब्रेले राजाको बुद्धि बिब्ल्याँटो भयो भन्ने चिन्ता प्रकट गरिएको छ । तेस्रो दृश्यमा रणशार्दूल साथीहरूका साथ लिगलिगतिर जाँदा गोलैँची एउटा रूखमा पासो लागेर झुन्डिन आँटेको देख्छन् र त्यसको बचाउ गरी सँगै लिएर जान्छन् । गोरखाकी गौलैँचीलाई बाबुआमाले लमजुङ्गको अधिनस्थ भूमिमा बिहे गरेर दिन लागेकोले मर्न खोजेको अभिव्यक्ति दिन्छे । दृश्य चारमा लिगलिग कोटको तैनाथमा दलमुखा बनेर बसेका लमजुङ्ग युवराज दावानल शाह र भुजेलका बीच वार्तालाप हुन्छ । पहाडका थाप्लामा त यति गरम छ भने बेंसीमा उखुम गर्मी भएको उल्लेख गर्दै कालो मुस्लो उठेर गोरखाको टाकुरा पैह्रो गए कति रमाइलो हुन्थ्यो । गण्डकीको साँध लाग्थ्यो । दावानल पिर्काको आकार परेको ढुङ्गामा बस्छन् । त्यस्तैमा उनको आँखा मुसुण्टी खोलामा पर्छन् । त्यताबाट कोही आएको महसुस गर्छन । दावानल शरण पर्न आएका हुन कि मरण पर्न आएका हुन् यसको केही रहस्य नबुझी गढीमा आउन दिनु भएन भनी भुजेललाई बुझ्न र बोहरालाई खुकुरी लिएर तैनाथ हुन लगाउँछन् । रणशार्दूल सहयोगीका साथ आएर दावानलका पाउँमा कटारी राखेर शरण पर्छन् र बाबुको बद्ख्वाईँ गर्छन् । त्यसको रहस्य बुझ्न उनले गुप्तचर पठाउँछन् । दृश्य पाँचमा पृथ्वीपति र विराज थापाको वार्ता हुन्छ । उनीहरू देवीदेवताको भाकल गर्छन् । विराज थापाले रणशार्दूलले यहीको माया त पाएको र कुशल भएको उल्लेख गर्छ । पृथ्वीपतिले पूर्वतिरबाट कुनै खतरा नभएको र पश्चिमबाट लमजुङ्गको बिगबिगी भएको उल्लेख गर्छन । दृश्य 'छ' मा दावानल शाहले रणशार्दूललाई लमजुङेको सहायता लिएर गोरखामाथि धावा बोल्ने र तँ राजा हुने प्रस्ताव राख्छन् । गौरेश्वरले हाम्रा सेना थोरै भएका र गोरखमा बाह्र वर्ष माथि र असी वर्ष मुनिका मानिस जाइलाग्ने कुरा गर्छन् । दावानल तेरा दाजुका षड्यन्त्रले सबैका बिचल्ली पारेको अभिव्यक्ति दिन्छन् । मेरो पिछा पर्न आइस् तेरो उद्धार गर्नु मेरो कर्तव्य हो । अवसर आउँछ भनेर सुनाउँछन् । दृश्य सात ढेब्रे र छ्यामाका बीच वार्ता हुन्छ । छ्यामाले भालुले नाक मुख खाएकी केटीसित ढेब्रेको बिहेको कुरा गर्छिन् । ढेब्रे मान्दैन । आठौं दृश्यमा बलिपाध्या, गौरेश्वर र रणशार्दूलका लिगगिग कोटका बारेमा र त्यसलाई प्राप्त गर्ने सन्दर्भमा कुराकानी गर्छन् । त्यहाँ लमजुङ्गेले बलियो किल्ला बनाएरको खुलासा गर्छन् र त्यसलाई प्राप्त गर्ने उपायका बारेमा योजना बनाउँछन् । गोलैँची आउँछे र भित्री रहस्यका बारेमा खुलासा गर्छे । दावानल पुगेपछि प्रसङ्ग बदलिन्छ । दावानल गोलैँचीलाई गीत गाउन लगाउँछन् । ऊ लाज मान्छे । नवौं दृश्यमा वीरभद्र अनेक तर्कना गरेर बसेका हुन्छन् । त्यहाँ विराज थापा रणशार्दूलले लिगलिग गोरखामा मिलाउन गरेको प्रयासका बारेमा चर्चा हुन्छ । त्यहाँ गोरखाको माटोको निमित्त मङ्गल नै हुन्छ । मङ्गल समाचार नै सुनाउँछु भनेर वीरभद्र जान्छन् तर भाइको प्रपञ्चका बारेमा सशंकित देखिन्छन् दृश्य दशमा रणशार्दूल र दावानलका बीच वार्ता हुन्छ । दावानल रणशार्दूलप्रति आश्वस्त भएर दशैंका टीका थाप्न लमजुङ जाने र लिगलिग कोटको जिम्मा रणशार्दूललाई दिने कुरा गर्छन् । दावानल बाबुको प्रशंसा गर्छन् । दावानल बुवाको हातको टीका लगाउन लमजुङ्ग जान चाहन्छन् । त्यस्तै लिगलिग कोटको जिम्मा लगाउँछन् । दृश्य एघारमा भुजेल र गोलैँची पनि दावनलसित जाने नजाने विषयमा चर्चा गर्छन । रणशार्दूलले अवसर मिल्नासाथ गोरखाबाट सैनिक झिकाएर लिगलिग कोट गोरखामा मिलाउँछन् । दृश्य बाह्रमा वीरभद्र र पृथ्वीपतिलगायत सारा गोरखाबासीहरू खुसी मनाउँछन् । रणशार्दूलको भव्य स्वागत गरिन्छ । दृश्य

तेह्रमा वीरभद्रको रणशार्दूलप्रतिको ईर्ष्या र भविष्यको चिन्ताको विषयमा चर्चा गरिएको छ । यहाँ रणशार्दूलको प्रवेश र शिंकार खेल्न जाने प्रसङ्ग पनि आएको छ। दृश्य चौधमा छ्यामा र ढेब्रेका बीच कुराकानी भएको छ र गोलैँचीलाई फकाउने र भालुले कोपरेकी स्वास्नी फिर्ता पठाउने उल्लेख छ। दृश्य पन्ध्रमा पृथ्वीपति र हन्तुवतीका संवादमा आधारित छ। हन्तुवती वीरभद्रले रणशार्दूलका प्रति वैरभावका आँखाले हेर्ने यथार्थ कुरा बताउँछिन्। उनको विवाहका लागि दुईवटी केटी आफैँ खोजिदिने कुरा गर्छिन् तर पृथ्वीपति विश्वास गरिहाल्दैनन्। दृश्य १६ मा बलिबाध्या र गौरेश्वर विराज थापाका घर पुगेर आफूहरूप्रति वीरभद्रको नकारात्मक दृष्टि राख्ने हुनाले लिगलिगको सुरक्षार्थ पठाइदिन राजालाई भनिदिन आग्रह गर्दाको प्रसङ्गमा आधारित छ। दृश्य सत्रमा अलि गम्भीर विषयमा छलफल गर्न भारदारी सभा बसेको छ। त्यस सभामा लमजुङेले गोरखालीको तेजोबध गर्नका लागि गुढ प्रश्न पठाएको छ । त्यसका सही उत्तर रणशार्दूलले दिएकाले उनको प्रशंसा गरिन्छ । दृश्य अठारमा वीरभद्रको मानसिक उद्वेलन र चिन्ताका विषय उल्लेख गरिएको छ । वीरभद्रले रणशार्दूललाई अपशब्द बोलेका हुन्छन्। उक्त अपशब्दका कारण रणशार्दूल खिन्न हुन्छन्। उनी बाबुका पासमा पर्न

जान्छन्। दृश्य उन्नाईसमा देश, माटो र दाजुको भलाइका लागि घाँटीमा कटारी धसेर आत्महत्या गर्छन्। उनको मृत्युपश्चात् गोरखा दरबारमा शान्ति हुँदैन भन्दै यस नाटकको दुखान्तीय अन्त्य गरिएको छ। 'माटोका माया' गोरखाको अधिनस्थ भूमि लिगलिग कोटमा लमजुङले कब्जा जमाएको प्रसङ्गबाट थालिएर रणशार्दूलले कुटनैतिक छलद्वारा गोरखामा मिलाएको प्रसङ्ग र वीरभद्रका अपशब्दका कारण रणशार्दूलले आत्महत्या गरेको प्रसङ्गमा टुङ्ग्याइएको दुखान्त घटनामा आधारित वियोगान्त नाटक हो।

**(ख) पात्र वा चरित्र चित्रण**

नाटकीय कार्याव्यापारलाई सुगठित र व्यवस्थित रूपमा विकसित गराउने व्यक्ति विशेषलाई पात्र भनिन्छ। नाटकीय वस्तुलाई गतिशील र सुव्यवस्थित ढङ्गले सर्वाङ्गीण विकास गराउन पात्रको महत्त्वपूर्ण हात रहन्छ। साहित्यका अन्य विधामा पात्रलाई अनिवार्य तत्त्वका रूपमा लिइन्छ तापनि नाटकमा यसको सर्वाधिक महत्त्व छ। नाटकमा पात्र नै मूल आधार हुन्छ। साहित्यका अन्य विधामा पात्रलाई अलग राखेर विचारणीय व्यक्ति प्रकट गर्ने जुन अवसर लेखकलाई प्राप्त हुन्छ। त्यो अवसर किञ्चित मात्र पनि नाटककारलाई प्राप्त हुँदैन । चरित्रचित्रण नै नाटककारको एकमात्र विधि हो । चरित्रका माध्यमबाट नाटककारले आफ्नो सन्देश, जीवन दर्शन वा उद्देश्य पाठकका सामु राख्न सक्छ। नाटक अभिनय विधा भएकाले अन्य विधाका तुलनामा चरित्रका बढी महत्त्व छ। भीमनिधि तिवारी (१९६८-२०३०) द्वारा विरचित्त 'माटोको माया' (२०२७) मा विविध पात्रहरूको उल्लेख पाइन्छ। तिनमा पृथ्वीपति शाह गोरखाका महराज हुन्कुवती, कान्छी महारानी, वीरभद्र शाह नायक (युवराज), रणशार्दूल शाह राजकुमार, विराज थापा मगर, काजी गौरेश्वर पन्त र बलिपाध्या कडरिया भारदारहरू, गोलैंची, मगर्नी केटी, दावानल शाह लमजुङ्गे युवराज, ठाहिँलो भुजेल उनको हजुरिया र गौणपात्र छ्यामा र ढेब्रे आदिको उल्लेख्य योगदान रहेको छ। यीमध्ये प्रमुख पात्रहरूको चरित्रचित्रण तल क्रमशः गरिन्छ।

**(१) पृथ्वीपति शाह**

पृथ्वीपति शाह गोरखाका महाराजा हुन्। उनको उमेर पचपन्न वर्ष जति छ। वैशाख महिनाको अपरान्हको समयमा कोठामा महाराज पृथ्वीपति शाह चारपाटे बाक्लो सुजनीमा पलैटी मारेर नेपथ्यतिर फर्केर बसिरहेका छन् । मोटोघाटो जिउडाल, अग्ला गहुँगोरो वर्ण, ठूल्ठूला आँखा, लामो नाक, भुक्कभुक्क परेको गाला केही फुलेको मुठे जुँघा र तिलचामले जुल्फी छ। उनले रूद्राक्षको कण्ठा, मोतीको माला नाडीमा स्वर्णकङ्कण छ। उनले जामा पगरी र पटुका पहिरिएका छन्। उनी लमजुङसँग बारम्बार पराजित भएकोले आफ्नो छत्र भङ्ग हुने हो कि भन्ने त्रासले व्याकुल, निरास र हतासका मनोद्वन्द्वमा परेका छन् । उनी राष्ट्रवादी भाव सञ्चेतना भएका राजा हुन् । उनी बारम्बारको युद्धले लाचार भएका छन्। लाचार हुनाको कारण उनका भारदार प्रजाहरू बारम्बारको लमजुङसितको युद्धले थाकिसकेका छन्। उनको मुख्य चिन्ताको कारण लमुजुङेहरू हुन्। उनले त्राण पाउनका लागि युद्ध गरे, देवीका उपासना गरे, पुरश्चरण गरेर पनि नभएकाले अब गोरखकाली माईले पनि उनैलाई

आशीर्वाद दिएजस्तो लागेको छ। नौ वर्षसम्म दरौंदीको सीमा बाँधेका लमजुङहरूलाई सीमा कटाएर अहिले चार वर्ष भएको कुरा गर्दा पहिले र अहिलेको परिस्थिति लेक र बेँसीको झैं भएको र लिगलिग



कोट हेर्नका लागि दलमुखी (सेनानायक) भएर राजाको छोरा बसेको छ र लिगलिग कोटमा पाँचपाँच गढी उभ्याएका छन् । त्यस्तै माझीहरूलाई लमजुङेहरूले खोलामा माछा मार्न नदिएको प्रसङ्ग पनि उल्लेख भएको छ । उनीहरू पाँच घडीमा दरबार आइपुग्छन् भन्ने चिन्ताले राजा पृथ्वीपति व्याकुल भएका छन् । त्यसैले उनी छत्र भङ्ग हुनु अगावै राजपाट छोरालाई सुम्पिएर श्लेष्मान्तक वनको निकट सूर्यघाटमा कुटी बनाएर नित्य पशुपतिको दर्शन गर्न चाहन्छन् । त्यहाँ शान्ति हुने र निःशङ्क निर्भय भएर रमाउन चाहन्छन् । वीरभद्रलाई बाबुले छाडेर गए लमजुङेहरूले ह्याकुलाले मिच्नेछन् । त्यसो भए उसैले राज्य गरोस्, खाओस् भन्छन् । स्त्रीहरू भारदारहरूले पनि राजालाई जोगी भएर हिँड्न खोजेकोमा चित्त बुझेको छैन । त्यस्तैमा रणशार्दूलको प्रवेश हुन्छ । उनले एउटा महत्त्वपूर्ण सुझाव दिन्छन् । त्यसैअनुसार भारदारहरूलाई राजाले बित्थ्यामा देश निकाला गरे भन्दै वीरभद्र बाहेक लाखापाखा लागे, लिगलिग गए तँलाई दावानलले मौलामा लगेर काट्छ भनेर कराउँछन् । पृथ्वीपति रणशार्दूलले प्रपञ्चको जाल फिँजाउनु पर्छ' भन्ने भनाईको तात्पर्य बुझ्न सक्दैनन् । उनको मानसिक अवस्था कमजोर देखिन्छ । उनी युवराज धनुकाँड बोकेर हिँडेको मन पराउँदैनन् तर त्यसको प्रतिकार गर्दैनन् । उनी लमजुङेहरूले आफूलाई मात्र होइन, आफ्ना पुर्खालाई पनि सुख र शान्तिसित राज्य गर्न नदिएको गुनासो गर्छन् । सधैंको जगजगी, सधैंको धकधकी भएकाले लमजुङलाई किस्ता दिनका लागि काठमाडौं गएर पगरी साटेर पूर्वी सीमा मजबुत बनाउँछन् । उनका दृष्टिमा लमजुङे नै दुःख झन्झट र फसादको विषय बनेको कुरा उल्लेख गरेका छन् । उनी लमजुङलाई परास्त गर्न विभिन्न देवीदेवताको भाकल गर्छन्, रणशार्दूलले गोरखाको गुमेको ठाउँ फिर्ता गराएपछि पृथ्वीपति प्रफुल्ल हुन्छन् तर उनले पारितोषिक स्वरूप केही दिँदैनन् र हन्कुवतीले दिएको सल्लाह सुझावलाई वेवास्ता गरेकै कारण रणशार्दूलले आत्महत्या गर्छन् । पृथ्वीपति शाह नेतृत्वदायी भूमिकामा कमजोर पात्रको रूपमा यस नाटकमा चित्रित छन् । उनी लगायत ६ वटा श्रीमती बटुलेकाले स्त्रीलम्पट पात्रका रूपमा चित्रित छन् । लमजुङेहरूको कारण  आफ्नो छत्र भङ्ग हुने त्रासले काठमाडौं पुगेर पगरी साटासाट गर्छन् । तापनि अपेक्षित सहयोग नपाउने कुरामा चिन्तित छन् । भारदार, बन्धुबान्धव आदिलाई समुचित व्यवहार गरेकै कारण शूर, वीर, पराक्रमी, राष्ट्रप्रेमी भातृप्रेमी रणशार्दूलले आत्महत्या गर्दछन् । उनलाई सही समयमा सुझावसल्लाह नदिइएको होइन, त्यसको ख्याल नगरेका कारण पुत्रशोकले व्याकुल हुनुपर्ने थिएन । उनी राष्ट्रप्रति चिन्ता गर्ने राष्ट्रवादी, ईश्वरभक्त तथा उचित व्यक्तिको छनौट गरेर कज्याउँने पात्रको रूपमा यस नाटकमा चित्रित छन् ।

(२) **वीरभद्र**

वीरभद्र शाह करिब पच्चीस वर्षका पृथ्वीपतिका जेठा छोरा भएकाले गोरखाका युवराजका रूपमा यिनको चर्चा गरिएको छ । यिनी पृथ्वीपतिका जेठा छोरा र रणशार्दूलका दाजुका रूपमा यिनलाई चिनाइएको छ । सधैं धनुकाँण लिएर शिकार खेल्ने दम्भी, कृतघ्न पात्रका रूपमा 'माटोको माया' नाटकमा उल्लेख गरिएको छ । बाबुले लमजुङेहरूलाई लखेटेर चेपेको साँध लगाइदिए महाराजको रूपमा गोरखाको राज्य गरौंला भन्ने अभिलाषा यिनले राखेका छन् । महाराज पृथ्वीपतिले लमजुङेहरूबाट पराजित भएर हरूवाका रूपमा नभई आफ्ना स्वेच्छाले राज्य सुम्पिने विचार गर्दा आफूलाई लमजुङेहरूले ह्याकुलाले मिचिहाल्छन् भनेर लाचार प्रकट गर्दछन् । उनी युद्ध गरेर लमजुङेहरूलाई तह लगाउनु भन्दा उनीहरूलाई बोलाएर राज्य सुम्पिदिए भइहाल्यो भन्दै त्यही हाम्रो मूल घर हो राज्य गरोस् भन्दै आफ्नो लाचारी प्रकट गर्दछन् । यिनी मानसिक द्वन्द्वमा छन् । यिनी बाघको मुख हेर्नुछ भने बिरालोको मुख हेर्नु, शत्रुको मुख हेर्नुछ भने भाइको मुख हेर्नु भन्दै विचार-विमर्श गरे तापनि भाइलाई लक्ष्मणभन्दा असल भएको ठान्छन् । त्यसो भए तापनि भाइको भित्रभित्र डाहा गर्छन् । भाइले लिगलिगमा बढोत्तरी गरेको खबर पाएर विराज थापालाई त्यसको जानकारी महाराजलाई तेरै मुखले सुना भनेपनि आफै सुनाउँछन् उद्यत्त हुन्छन् । अथवा यिनी कसैको बढोत्तरी भएको र प्रशंसा गर्न चाहदैनन् ।

रणशार्दूलले छल,बल र प्रपञ्च रचेर गोरखाबाट गुमेको राज्यांश पुनः गोरखामा गाभेपछि पृथ्वीपति शाह र वीरभद्र शाह मात्र होइन सारा गोरखावासी खुशीले आप्लादित हुन्छन् । त्यस अवसरमा वीरभद्रको खुशीको सीमा रहँदैन । त्यो खुसी क्षणिक हुन्छ । उक्त विजय उत्सवमा महाराजको

जय रणशार्दूलको जय भन्छन् तर मेरो 'जय' कसैले भनेन भनेर उनी खिन्न हुन्छन् । दरबार तथा प्रजा सबैले रणशार्दूलको खातिर गरेकोमा वीरभद्रलाई असह्य हुन्छ । उनी भाइको ईर्ष्या गर्छन् । त्यसैले



अपशब्द बोलेर भाइलाई टेढाउँछन् । त्यसकै फलस्वरूप रणशार्दूलले आत्महत्या गर्छन् । रणशार्दूलले आत्महत्या गर्नुको मूल जड वीरभद्र शाह हुन् । उनी फितला राजकुमार, डाँढे र ईर्ष्यालु देखिन्छन् । यिनकै चारित्रिक कमजोरीका कारण भाइले आत्महत्या गरेका छन् । मानसिक कमजोरीका कारण विक्षिप्त भएर देहत्याग गरेका छन् ।

**(३) रणशार्दूल**

रणशार्दूल जस्तो नाम त्यस्तै काम भएको पात्र हुन् । यिनी देशभक्त, पितृभक्त, भातृभक्त तथा प्रजाका हरतरहले हेरविचार गर्ने पात्र हुन् । यिनकै पराक्रम र बुद्धि बलका कारण गोरखाबाट गुमेको राज्यांश पुनः गोरखामा मिलाईएको छ । यिनी पृथ्वीपति शाहका माहिँला छोरा भए तापनि यिनलाई कान्छा भनिएको छ । जब दिनको प्रवेश नाटकमा हुन्छ तब त्यो मोड देखापर्छ, जब यिनको अन्त्य हुन्छ अनि नाटक दुखान्तमा टुङ्गिन्छ । राज्य गुमेको फिर्ता ल्याउँदा जुन उल्लास र उमङ्ग भएको छ । यिनको मृत्युपश्चात् गोरखा दरबारमा अशान्ति र भाँडभैलो मच्चिएको छ । लमजुङेका त्रासका कारण महाराज पृथ्वीपति शाहले पशुपति गुह्येश्वरी नजिक श्लेष्मान्तक वनमा कुटी बनाउने र राज्य छोरालाई सुम्पिनका लागि भारदारी सभा बोलाउँछन् । उनले सबैको कुरा सुनेर बाहुबलले नभई बुद्धि बलले लमजुङेहरूलाई तह लगाउने प्रपञ्च रचेर बिनाविथ्यामा राजाले देश निकाला गरे भन्ने अफवाह फैलाउँदा भारदारहरू स्वेच्छाले यत्रतत्र छरिने र आफू चाहिँ केही सहयोगी लिएर लिगलिग जाने योजना बताउँछन् । उक्त प्रस्तावको मौन सहमती पृथ्वीपति शाहले गर्छन । रणशार्दूलले गौरेश्वर पन्थ र बलिपाध्या कडरियालाई लिएर लिगलिग जाँदा बाटामा आत्महत्या गर्न लागेकी गोलैँचीलाई साथमा लिएर शत्रुराज्यको दलमुखा भएको दावानलको पाउँमा कटारी थमाएर आत्मसमर्पण गर्दछन् । कुनै कुराको भेउ पाएको भए दावानलले रणशार्दूललाई मौलामा लगेर काट्थ्यो र बलिपाध्या र गौरेश्वर पन्थको जनै झिकेर सुँगुरको पाठो बोकाएर लमजुङ घुमाउँथ्यो तर यति गोप्य राखे त्यसको सुइँको दावानलले पाउन सकेन । दावानलले बारम्बार बाबुलाई कैद गरेर दाजुको हत्या गरेर गोरखाको राजा भएको हेर्न चाहन्छु भन्छ तर पितृभक्त, भातृभक्त तथा देशभक्त रणशार्दूल त्यसो गर्न चाहँदैनन् । उनी त अटल आस्था र विश्वासका साथ आफ्नो गुमेको राज्य फिर्ता गराउन चाहन्छन् । त्यसो गर्दा उनले आफ्नो ज्यानलाई हत्केलामा राखेर शत्रु राज्यमा आश्रय लिएका छन् । दावानलले 'दन्तनीति' प्रयोग गरेको छ । लिगलिग कोटमा पुगेको रणशार्दूललाई वास्तविक रूपमा देश निकाला गरेको हो वा षड्यन्त्र हो त्यसको रहस्य खोतल्न दावानलले गुप्तचर पठाएको छ । उनीहरूले सही तथ्य भेट्टाउन सकेनन् । त्यसैले दशैका अवसरमा दावानल शाहले लिगलिग कोटको जिम्मा लगाएर बाबुको हातको टीका लगाएर लमजुङ गएको अवसर छोपी नाम मात्रको युद्ध गराएर रणशार्दूलले गुमेको राज्य गोरखामा मिलाएर त्यस अवसरमा उनको जय जयकार गरियो । तर वीरभद्रको वास्ता गरिएन, त्यसबाट आहात भएका वीरभद्रले अपशब्द बोलेको र आक्षेप लगाएका कारण रणशार्दूलले आफ्नै कटारीले घाँटी सेरिएर आत्महतय गर्दछन् । यसरी देशभक्त, परम पितृभक्त र भातृभक्त महान् पराक्रमी रणशार्दूलको दुखान्त अन्त्यका साथ यस नाटकको अन्त्य गरिएको छ । उनको मृत्युपश्चात् गोरखा दरबारमा शान्ति भएन । कहिले कोही बिरामी हुने कहिले कोही, अन्ततः वीरभद्रको पश्चातापका कारण मानसिक अवस्था खल्बलिएर मृत्यु हुन्छ ।

**(४) दावानल शाह**

दावानल शाह लमजुङे युवराज हुन् । उनी दलमुखी भएर लिगलिगमा तैनाथ भएका छन् । उनी दाह्री जुँघा पालेका हेर्दै कठोर देखिन्छन् । उनले लमजुङको बढ्ख्वााई र गोरखाको निन्दा गरेका छन् । यो स्वाभविक पनि हो । आफ्नो राज्यको प्रशंसा र पर राज्यको निन्दा गर्नु वाञ्छनीय देखिन्छ । उनका सहयोगीका रूपमा ठाँइलो भुजेल बसेको छ । उसको घोप्टे जुँघा भएपनि नाक त ठाडो छ भन्छ । दावानल आफ्ना पुर्खाले आर्जेको मुलुक लिगलिग हो । लमजुङ्गका वीर छोराहरूको रगतका खोलाले आर्जन गरेको राज्य हो । उनी सन्धि कुनै हालतमा हुन सक्दैन भन्ने तर्क गर्छन् । दावानलले आफ्नो सुरक्षाका लागि नेपथ्यमा नाङ्गा खुकुरी झलमल्ल टल्किएको देखिन्छ । उनले गोरखाका राजकुमार रणशार्दूलले शरणमा पर्दा आश्रय दिएका छन् । उनको कुटिल चाल बुझ्न सकेनन् । राजाले

विनावित्थमा देश निकाला गरे भन्ने अफवाहको विश्वास गरेकै कारण उनले लमजुङेको सहयोगमा बाबुलाई कैद र दाजुलाई हत्या गरेर गोरखाको राजा बन्नुपर्छ भनेर बारम्बार घचघच्याउँछन् तर आफ्नो



इरादा विपरीत देशभक्त, पितृभक्तका अटल धरोहर दावानल शाहको उक्साहटमा नलागि अवसर पर्नासाथ गोरखाबाट सेना झिकाएर नाममात्रको युद्ध गरी लिगलिगकोट हत्याउँछन् र त्यस्तो शत्रु पक्षको भित्री षड्यन्त्र नबुझेको दावानल शाह रणशार्दूललाई लिगलिग कोटको जिम्मा लगाएर लमजुङ्ग जानु नै असफलताको ज्वलन्त उदाहरण मान्न सकिन्छ । शत्रु राज्य पक्षको विश्वास गर्नु दावानल शाहको चारित्रिक कमजोरी हो । विजयादशीमा बाबुको हातका टीका लगाउन जानु दुर्भाग्य ठहरिएको छ ।

**(ग) देशकाल /वातावरण**

'माटोको माया' (२०२७) को समयावधि १७५० बैशाख देखि १७५३ जेष्ठ सम्म २ वर्ष २ महिनामा घटित घटनावलीलाई लिएर लेखिएको वियोगान्त ऐतिहासिक नाटक हो । यस नाटकमा प्रथमतः लमजुङ र गोरखालाई कार्यक्षेत्रका रूपमा चित्रण गरिए तापनि काठमाडौं उपत्यकाको भक्तपुरलाई पनि सूक्ष्म रूपमा समेटिएको छ । यस नाटकमा मुख्यतः गोरखा र लिगलिग कोटलाई परिवेशका रूपमा चित्रण गरिएको छ । नाटकमा प्रयुक्त पात्रहरूको विगलित मानसिकतालाई पुनः परिवेशमा रूपमा चित्रण गरिएको छ । मुख्यतः लमजुङे राजकुमार द्रव्य शाहले छल, बल र कपट गरी लिगलिगराज्य हत्याएर स्वतन्त्र राज्य बनाएको र लमजुङ र गोरखाली राजहरूका बीच वैमनस्य भएकाले राजामाताले आफ्नो चोर औंला काटेर जुन राजाले चेपे नदी तर्छ त्यसको भलो हुँदैन भनी सीमा बाँधेकी थिइन् । त्यसैले होला द्रव्य शाहका सन्तानले पछि लमजुङलाई हराएर एकीकृत स्वतन्त्र राज्य खडा गरे तापनि राजतन्त्र नै गुमेको देखिन्छ । यस नाटकमा पात्रको मानसिक उद्वेलन हीनता तथा दावानल शाहको अहम्वादी मनोवृत्तिलाई पनि सबल रूपमा चित्रण गरिएको छ । पृथ्वीपति शाह र मनोद्वन्द्वमा परेका वीरभद्रको ईर्ष्यापूर्ण मनोदशालाई पनि परिवेशका रूपमा चित्रण गरिएको छ । त्यस्तै मनोदशा रणशार्दूलको देखिन्छ । यही मनोद्वन्द्वका कारण अटल देशभक्त राजकुमार रणशार्दूलले राज्य संयन्त्र चिरस्थायी बनोस् भनेर देहत्याग गर्छन् र त्यस्तै यस नाटकमा पराजित बनेका पृथ्वीपति शाह रुद्राक्षको माला जपेर श्लेष्मान्तक वनमा कुटी बनाएर अध्यात्मवादी बन्न खोजेको देखिन्छ । यसरी यो नाटकमा पात्रको मानसिक दशा, युद्धबाट पराजित मानसिकता, पात्र-पात्रका बीच भएको मनोद्वन्द्व विविध पक्षलाई कार्यविधिका बनाएर संरचित देखिन्छ । रणशार्दूलले आत्महत्या गर्नुमा अपार राष्ट्रभक्त भातृप्रेम भएको दोष देखिन्छ ।

**(घ) उद्देश्य/विचार**

साहित्यका कुनै पनि विधाको उद्देश्य हुन्छ । लेखकले केही भन्न चाहन्छ । लेखकको जीवन दर्शन हुन्छ । प्रत्यक्ष रूपमा जीवन दर्शनको प्रचार गर्नु कृतिको कलात्मकता नष्ट गराउनु हो । साथै जीवनदर्शनविहीन रचना पनि निरर्थक हुन्छ । 'माटोको माया' नाटकमा नाटककारले इतिहासको गर्भमा लुकेको पात्रको जीवन दर्शन खोतलेर समाज वा परिस्थितिलाई उदाङ्गो पारेर देखाएका छन् । यहाँ बारम्बारको युद्धबाट विगलित मासिकतालाई साहस र धैर्यका साथ काम गर्दा सफल भइन्छ भन्ने सन्देश रणशार्दूलका माध्यमबाट पुष्टि गराइएको छ । बिना बिचमा अर्कालाई छुद्र वचन लगाउँदा आफन्त जनको वियोग मात्र होइन, आफ्नो सर्वनाश हुन्छ भन्ने सन्देश पनि दिइएको छ । जाँच बुझ गरेर मात्र होइन, शत्रुकको विश्वास गर्दा राज्यको क्षति हुन्छ भन्ने सन्देश पनि मुखरित भएको छ । कसैले आवेगमा, आवेशमा आएर आक्षेप लगाउँदैमा त्यसको मूल पत्ता नलगाई आत्महत्याको बाटो लिनु पनि मुर्खता शिवाय केही होइन भन्ने सन्देश यहाँ दिइएको छ । त्यसका साथै परिवार मिलाउन नसक्ने लाछी राजाले देशमा न्याय कसरी दिन्छन् भन्ने जीवनदृष्टि यहाँ प्रकट भएको छ । यहाँ पात्र-पात्रको चरित्र चित्रण गरी पाठकीय सहानुभूति उमार्ने काम नाटकार तिवारीले गरेका छन् । लेखकले रणशार्दूलका माध्यमबाट देशमा देशभक्तिको भावना, पितृभक्तिको कामना र भातृप्रेमको झल्को देखाएका छन् । आजको अर्थ सङ्कलन दुनियामा गोलैँचीजस्ती देशभक्त पात्र पनि हुन्छन् भन्ने सन्देश सम्प्रेषण गरिएको छ । जतिसुकै वैभवशाली व्यक्तित्व भएपनि उसका केही न केही कमजोरी हुन्छन् ।

त्यसका आधारमा उसको पतन हुन्छ भन्ने विचार यहाँ प्रकट गरिएको छ । अन्ततः यस नाटकमा विषय चयन, पात्र छनौट र परिवेश निर्माणबाट लेखकीय उद्देश्य प्रकट भएको छ । यो ऐतिहासिक वियोगान्त नाटक हो ।

**प्राज्ञिक विमर्श**, वर्ष ७, अङ्क, १४, २०८२ असोज, ISSN 2676–1297

**(ङ) भाषाशैली**

कलात्मक अभिव्यक्ति नाटकका लागि महत्त्वपूर्ण तत्त्व हो । कलात्मक भाषा र शैली नाटकको आधार मानिन्छ । नाटकका अन्य तत्त्वहरू उपयुक्त र सङ्गतिपूर्ण भए पनि अभिव्यक्तिको माध्यम भाषा र प्रतिपादनको शैली दोषपूर्ण भयो भने सम्पूर्ण नाटकीय प्रभाव खण्डित हुन जान्छ । शैली लेखकको निजी विशेषता हो । प्रतिभाशाली लेखकले पात्रानुकूल भाषा र अभिव्यञ्जनात्मक शैलीको सिर्जना गर्दछ । यस नाटकका नाकटकार भीमनिधि तिवारीले पात्रानुकूल भाषाको प्रयोग गरेका छन् । पृथ्वीपति शाहको माध्यमबाट पराजित मानसिकताको प्रस्तुती गरेका छन् । वीरभद्रको संवादमा द्विविधायुक्त भाषाको अभिव्यञ्जना पाइन्छ । रणशार्दूलले आकर्षक भाषाको प्रयोग गरेका छन् । दावानलका भाषामा विजित क्षेत्रका दलमुखी भएकाले दम्भपूर्ण भाषाको प्रयोग गरिएको छ । गोलैँची मगर्नी केटी भएकाले उसको भाषा प्रभावकारी देखिन्छ । छ्यामा र ढेब्रेमा त्यस्तै प्रभावकारी भाषाको प्रयोग पाइन्छ । सरल वाक्यगठन पात्रअनुसारको भाषा र अभिव्यञ्जनाको शैली रोचक र आकर्षक देखिन्छ ।

यो ऐतिहासिक वियोगान्त नाटक हो । यस नाटकमा रोचक शैलीमा प्रयोग गरिएको छ । तत्सम शब्द, दरबारिया परिवेश तथा युद्धग्रस्त मानसिकतालाई प्रस्तुत गर्ने शैली रोचक र आकर्षक देखिन्छ । केही उखानटुक्का र थेगोको कारण नाटक प्रभावकारी र जीवन्त बनेको छ । सरल र सहज भाषाशैलीका कारण नाटकले पाठकीय न्याय पाएको देखिन्छ । घटनाको आरम्भदेखि टुङ्ग्याउनीसम्म शैली रोचक एवम् कुतूहलवर्द्धक  देखिन्छ ।

**(च) संवाद**

नाटक अभिनेय विधा भएकाले लेखक कहीँ पनि प्रत्यक्ष रूपमा प्रकट हुँदैन । उसले पात्रका माध्यमबाट अभिधेय रूपमा आफ्नो विचार प्रकट गरेको हुन्छ । मानवीय व्यवहार, रीतिनीति तथा भाव सम्प्रेषण गराउने सशक्त र भरपर्दो माध्यम भाषा नै हो । भाषा नै नाटकमा अनिवार्य तत्त्वका रूपमा आएको हुन्छ । यस नाटकमा कहीँ सामान्य संवाद आयोजना गरिएको छ भने कहीँ गुढतम् रहस्यमय संवाद आयोजना गरिएको छ । पात्र कहीँ निरीह र टिठ्लाग्दा देखिएका छन् भने कुनै घमण्डले फुल्ने भएका छन् । यिनै पात्रको क्रियाव्यापार, जीवन दर्शन र आनीबानीको सशक्त अभिव्यञ्जना व्यञ्जित भएको पाइन्छ ।

"दुःख पऱ्यो भन्दैमा हरेस खाने होइन, गम खानुपर्छ, बुद्धिविवेकले काम गर्नुपर्छ ।"
(माटोको माया, पृ.५)
"आफ्नो माटोको माया नलाग्ने मुटु त ढुङ्गो हो ।"
(माटोको माया पृ. १४)
बैरीका मुलुका जानु भन्दा त आफ्नुई माटोमा मोर्नु नि..."
(माटोको माया, पृ. १४)
"यहाँ मेरा पछाडि बीस जवानलाई नाङ्गानाङ्गा खुकुरी लिएर उभिरहनु भन्"
(माटोको माया पृ. १९)
यस्ता संवादले नाटकीय कार्यव्यापारको बोध हुन्छ ।

**निष्कर्ष**

'माटोको माया' विलुप्त भएको ऐतिहासिक घटनामा आधारित विगोगान्त नाटक हो । यस नाटकमा माटाको माया लागेर ज्यान हत्केलामा राखेर शत्रुपक्षको शरणमा गएका रणशार्दूलको वीरता, त्याग र बलिदानको प्रशंसा गरिएको छ । नाटकको आरम्भमा आफ्नो छत्र भङ्ग हुने भो भनेर हतास भएका गोरखाका महाराज पृथ्वीपति शाह र युवराज वीरभद्रको उपस्थितिमा लिगलिग कोटमा अधिनस्थ गरेको लमजुङ्गडेहरू पाँच घडीमा गोरखा दरबार आइपुग्ने भयले आक्रान्त भएको मनस्थिति अनि प्रपञ्चको जाल फिँजाएर लिगलिग पुगेका रणशार्दूल, दलमुखी बनेर लिगलिग कोटमा तैनाथ

भएका दावानल शाह आदिको चरित्राङ्कन गरी लिगलिग गोरखा मिलाएपछि विकसित घटना चक्रबाट वीरभद्रको दुर्वाच्य सहन गर्न नसकेर असाधारण देशभक्त, पुरूषार्थी, पितृभक्त, भातृभक्त रणशार्दूलले आत्महत्या गर्नु जस्ता विविध घटनावलीलाई चुस्त दुरुस्त सम्प्रेषण गरिएको यो नाटकमा राष्ट्रवादी
**प्राज्ञिक विमर्श**, **वर्ष ७, अङ्क, १४, २०८२ असोज,** ISSN 2676–1297

भाव सञ्चेतनाको अभिव्यक्ति पाइन्छ। यो ऐतिहासिक वियोगान्त विषयमा आधारित दुःखान्त नाटक हो।

**सन्दर्भ सामग्री**

जोशी रत्नध्वज, (२०३७), नेपाली नाटकको इतिहास, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।
तिवारी, भीमनिधि, (२०६०), माटोको माया,(चौ.सं.) ललितपुर : साझा प्रकाशन।
पौड्याल, कृष्णविलास (२०५९), साहित्य सिद्धान्त, काठमाडौं : श्री कृष्ण प्रकाशन।
भट्टराई, घटराज (२०५०), भीमनिधि तिवारी व्यक्ति र कृति, (दो.सं.) काठमाडौँ साझा प्रकाशन।
प्रधान, हृदयचन्द्रसिंह (२०४९), केही नेपाली नाटक, (पाँ.सं.) ललितपुरः साझा प्रकाशन।
शर्मा, तारानाथ (२०५१), नेपाली साहित्यको इतिहास, काठमाडौं : नवीन प्रकाशन
श्रेष्ठ, दयाराम र शर्मा, मोहन राज (२०६०), नेपाली साहित्यको संक्षिप्त इतिहास, ललितपुर : साझा प्रकाशन।